प.सं./सूलाइक/ च.नं. ०३ /२०७९/८०

मिति: २०७९/०४/०२

नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**बिषय: विशेष साधारण सभा बोलाईएको बारे ।**

महोदय,

यस कम्पनीको मिति २०७९/०३/३० गते बिहान ९:३० बजे बसेको संचालक समितिको ३२० औं बैठकको निर्णयानुसार आगामी मिति २०७९/०४/१९ गते बिहिबार, होटल हैरिसन प्यालेस, विराटनगरमा बिहान ११:०० बजे कम्पनीको विशेष साधारण सभा गर्ने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछौ ।

यस सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा मिति २०७९/०३/१२ गते प्रारम्भिक सम्झौता पत्र (MOU) भएको र उक्त गाभ्ने गाभिने (मर्जर) प्रयोजनको लागि यस कम्पनीको शेयर कारोवार रोक्का गरी दिनको लागि अनुरोध गरिए बमोजिम तहाँबाट मिति २०७९/०३/१३ देखि शेयर दाखिल खारेज/शेयर कारोवार रोक्का राखिएको ब्यहोरा समेत अनुरोध गर्दछौं ।

संलग्न:
विशेष साधारण सभा सम्बन्धी नागरिक दैनिकमा
मिति २०७९/०४/०२ गते प्रकाशित सूचनाको प्रतिलिपि

भवदिय,

भरत के.सी.
कम्पनी सचिव

# सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०४/०२

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७९/०३/३० गते (तदनुसार १४ जुलाई २०२२) बिहीबारका दिन बसेको संचालक समितिको ३२० औं बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**

**मितिः २०७९ साल श्रावण १९ गते (तदनुसार ४ अगस्त २०२२) बिहिबार**

**स्थानः होटल हैरिसन प्यालेस, बजरंगबलीमार्ग, विराटनगर ।**

**समयः बिहान ११:०० बजे**

**छलफलका विषयहरुः**

**(क) विशेष प्रस्तावः**

१. क) नियमनकारी निकायको निर्देशन तथा समयानुकुल पूँजी बृद्धिको आवश्यकतालाई दृष्टिगत गरी अन्य कुनै जीवन बीमा कम्पनीसंग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने एवं संचालक समिति समक्ष सोको जानकारी तथा सिफारिस गर्ने कार्यको लागि संचालक समितिबाट मर्जर समिति गठन गरिएको बारेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

ख) यस सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने, गाभिने (Merger) सम्बन्धमा मर्जर समितिबाट पेश हुन आएको प्रारम्भिक सम्झौता पत्र (MOU) को मस्यौदा स्वीकृत गर्ने एवं सो सम्झौता पत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, शेयर कारोवार रोक्काको लागि पत्राचार गर्ने बिषयमा भएको संचालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

ग) कम्पनीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियूक्त गर्ने सिलसिलामा कम्पनीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन कार्य (DDA) गर्नका लागि संचालक समितिबाट मूल्याङ्कनकर्ता नियूक्त गर्ने तथा पारिश्रमिक तोक्ने गरी भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

२. एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार बीमाङ्कीय मूल्याङ्कनका लागि परामर्शदाता, मूल्याङ्कनकर्ता लगायत कानूनी परामर्शदाता र अन्य विज्ञ नियूक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एक आपसमा गाभ्ने/गाभिनेसंग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**(ख) विविधः**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## विशेष साधारण सभा सम्बन्धी जानकारी

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, जारी प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ।

२) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि खुला रहनेछ।

३) सभा हुने दिन सभामा सहभागीताका लागि सभा संचालन अवधि सम्मको लागि खुला रहने छ।

४) कम्पनीको शेयर दाखिल खारेज/शेयर कारोवार मिति २०७९/०३/१३ गतेदेखि रोक्का रहेकोले कम्पनीको शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लिमिटेड, बबरमहलबाट प्राप्त विवरणको आधारमा सो मितिसम्म प्रचलित कानून बमोजिम कायम शेयरधनीहरुले मात्र यस विशेष साधारण सभामा भाग लिन सक्नेछन्।

५) सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सम्पुर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी (विभाजन नहुने गरी) प्रतिनिधी-पत्र (प्रोक्सी फारम) भरी मिति २०७९/०४/१६ गते अपरान्ह ५:०० बजेभित्र कम्पनीको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ।

६) नाबालक वा अशक्त वा मानसिक सन्तुलन नभएका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधी तोक्न पाउनेछन्।

७) कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता प्रोक्सी मान्य हुनेछ र निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ।

८) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।

९) सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा सहभागी हुन आएमा शेयरधनीले गरि दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ।

१०) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरुले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०७९।०४।१६ गते अपरान्ह ५:०० बजेभित्र सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ।

११) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

१२) छलफलका विषय मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई छलफलको विषय लिखित रुपमा पेश गर्नु पर्नेछ।

१३) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको कर्पोरेट कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

Surya Life
INSURANCE
सर्वे भवन्तु सुखिनः
सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.

**रजिष्टर्ड कार्यालयः** बिराटनगर ९, मोरङ
**कर्पोरेट कार्यालयः**
चार्टर टावर, चौथो तल्ला, सानो गौचरण, ज्ञानेश्वर, काठमाडौं।
पो.ब.नं.: १५१२१
फोन नं.०१-४५२३७४३
E-mail: info@suryalife.com, Web: www.suryalife.com

नागरिक दैनिक मिति २०७९।०४।०२